# नेपाल राष्ट्र बैंक
## वित्तीय जानकारी इकाई
### सूचना

**वित्तीय जानकारी इकाई (FIU-Nepal) द्वारा STR/SAR Guidelines अद्यावधिक गरी जारी गरिएको**

इकाईले STR/SAR Guidelines अद्यावधिक गरी जारी गरेको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम सूचक संस्थाहरुले इकाईमा पेश गर्नुपर्ने शंकास्पद कारोबार/गतिविधि (STR/SAR) पहिचान गर्ने सम्बन्धमा यस्ता सूचक संस्थाहरुलाई व्यवहारिक मार्गदर्शन प्रदान गर्ने उद्देश्यसहित उक्त Guidelines जारी गरिएको छ ।

उक्त अद्यावधिक Guidelines मा मुख्यत: देहायका विषयहरु समेटिएको छ :-

- शंकास्पद कारोबार तथा गतिविधि सम्बन्धी Red Flags लाई साधारण (General), सूचक संस्थाको प्रकार अनुरुप (Sector-specific) तथा सम्बद्ध कसुर (Predicate Offence) सँग सम्बन्धित गरी तीन प्रकारमा विभाजन गरिएको छ ।
- अद्यावधिक Guidelines मा General तर्फ देहायका क्षेत्रमा Red Flags थप गरिएको:
  - Use of Artificial Intelligence and New Technologies
  - Involvement of PEPs
- त्यसैगरी, Sector-specific तर्फ देहायका क्षेत्रमा Red Flags थप गरिएको:
  - Hire Purchase Companies
  - Automobile Selling Companies
- साथै, सम्बद्ध कसुर (Predicate Offence) अनुसारको Red Flags उक्त अद्यावधिक Guidelines मा थप गरिएको छ ।
- उक्त Guidelines मा STR/SAR मा पेश गर्नुपर्ने विवरण, पेश गर्नुपर्ने समय तथा पेश गर्ने पद्धती लगायतका विषय समेत समावेश गरिएको छ ।

अद्यावधिक Guidelines ले सूचक संस्थाबाट पेश हुने STR/SAR को गुणस्तरमा वृद्धि भई सम्बद्ध कसूरको पहिचान तथा अनुसन्धान एवम् सम्पत्ति शुद्धीकरण निवारणको कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । उक्त Guidelines को पूर्ण विवरण सूचक संस्थाहरुलाई इकाईले सञ्चालनमा ल्याएको goAML System बाट Broadcast गरी यसअघि नै सम्प्रेषण गरिएको छ ।

उक्त Guidelines देहायको लिङ्कमा उपलब्ध छ: -

https://www.nrb.org.np/contents/uploads/2025/10/STR.SAR-Guidelines-Updated-July-2025.pdf

मिति: २०८२ असोज ३१ | वित्तीय जानकारी इकाई (FIU-Nepal)